म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २१९ २०८० असार १९ गते मंगलबार 4 July 2023, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




# प्रतिपक्षीसँग सहमतिपछि बागमती प्रदेश सभा सुचारु



समाज संवाददाता

हेटौँडाः प्रतिपक्षी दलहरूको लगातारको अवरोधका कारण अवरुद्ध बागमती प्रदेश सभा सोमबारबाट सुचारु भएको छ । सोमबारको बैठकमा प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिंह लामाले प्रतिपक्षीहरूसँग सहमति भएको र अवरुद्ध प्रदेश सभा बैठक सुचारु हुने जानकारी गराउनुभयो ।

मन्त्री लामाले प्रदेश सभा बैठक सुचारु हुने जानकारी गराउनुभएसँगै प्रदेश सभाका सभामुख भुवन कुमार पाठकले आगामी आर्थिक वर्षका राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको छलफल प्रारम्भ भएको घोषणा गर्नुभयो । उहाँले दलको तर्फबाट प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेता जगन्नाथ थपलियालाई बोल्न समय दिनुभयो । नेता थपलियाले बजेटमा बिग्रिएको कुरा सच्याउने सहमति भएकोपछि आफुहरुले प्रदेश सभा बैठक चल्न दिने निर्णय गरेको बताउनुभयो । प्रदेश सभा बैठक अवरोध गर्ने रहर नभई बजेट अन्यायपूर्ण र विभेदकारी भएपछि प्रजातान्त्रिक प्रक्रियालाई समाएर प्रदेश सभाको बैठक अवरोध गरेको उहाँले बताउनुभयो । बजेट सन्तुलन बनाएर प्रदेशलाई समृद्ध बनाएर लैजाने लक्ष्यमा सत्तापक्षले केही तलमाथि गर्न खोजेपछि आफूहरुले प्रदेश सभा बैठक सुचारु गर्न सहमत भएको उहाँले बताउनुभयो ।

सरकार र सतापक्षले आफ्नो कमजोरीलाई बुझेर सकारात्मक भएपछि आफुहरुले बैठक चल्न दिने निर्णय गरेको उहाँले बताउनुभयो । उहाँले असन्तुलित बजेटलाई सन्तुलन बनाउने, कुनकुन शिर्षकमा कहाँकहाँ के छुटेको छ त्यसलाई मिलाउने र बजेट व्यवस्थित बनाएर समाजवादउन्मुख बनाउँछु भनेपछि आफुहरुले यसलाई स्वीकारेको उहाँको भनाई छ। स्वीकारेका कुराहरु व्यवहारमा लागु नभएमा फेरी यसरी प्रस्तुत हुने उहाँले चेतावनी दिनुभयो । उहाँले सरकारले जिम्मेवार भएर कुनै सीमित क्षेत्र मात्र नभई प्रदेशका १३ जिल्लाका क्षेत्र र समुदायलाई समेटेर योजनाहरु ल्याउनुपर्ने बताउनुभयो ।

यस्तै बैठकमा बोल्नुहुँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रदेश संसदीय दलका नेता उद्धव थापाले आग्रह-पूर्वाग्रह छोडेर प्रदेशलाई जिम्मेवार ढङ्गबाट समृद्ध बनाउन सहमति भएपछि आफुहरुले प्रदेश सभा बैठक चल्न दिने निर्णय गरेको बताउनुभयो । प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटमा धेरै असमझदार भएकाले आफुहरुले पनि विरोध जनाएर बैठक अवरुद्ध गरेको उहाँले बताउनुभयो । उहाँले भौगोलिक अवस्था र जनसंख्यालाई हेरेर आवश्यकताको आधार बजेट विनियोजन गर्नुपर्ने भएपनि त्यो हुन नसकेको बताउनुभयो । अहिले प्रदेश सभामा भइरहेको कुराहरु जनताहरुले ध्यानपूर्वक हेरिरहेको बताउनुहुँदै उहाँले जिम्मेवारी ढङ्गबाट प्रस्तुत भएर अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले विकास निर्माण समानुपातिक ढङ्गबाट हुनुपर्ने बताउनुभयो । उहाँले सरकारले गल्ती नदोहोऱ्याएर असारभित्र बजेट पारित गरेर जाने वातावरण बनाउनुपर्ने बताउनुभयो ।

यस्तै नेपाल मजदुर किसान पार्टीकी प्रदेश सभा सदस्य सिर्जना साँयजूले प्रदेशले ६ वर्षसम्म कुनै उत्पादनमुखी काम गर्न नसकेको बताउनुभयो । प्रदेश संरचना देशको निम्ती सेतो हात्ती भएको उहाँले बताउनुभयो । प्रदेशले जम्मा ३६ अर्ब पुँजीगत खर्च गर्न २७ अर्ब चालु खर्च गरेको र त्यसमा वार्षिक २५ प्रतिशतभन्दा बढी बजेट खर्च हुन नसकेको उहाँले बताउनुभयो । प्रदेशले प्रस्तुत गरेको अहिलेको बजेट संघीयताको मर्म भुलेको र यसको कुनै गन्तव्य नभएको उहाँले बताउनुभयो । उहाँले कृषि, उद्योग, पर्यटनसँगै जलविद्युत उत्पादन प्रदेशको सम्भाव्य रहे पनि अहिलेको बजेटले यसलाई कतै नसमेटिएको उहाँले बताउनुभयो । उहाँले प्रदेश सरकारले जिम्मेवार ढङ्गबाट काम गर्न आवश्यक रहेको बताउनुभयो ।

यस्तै छलफलमा उठेको प्रश्नहरुको जवाफ दिनुहुँदै आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिंह लामाले संसदमा प्रतिपक्षी दलले उठाएको कुराले आफ्नो ध्यानाकर्षण भएको र यसलाई मनन् गर्ने बताउनुभयो । यो बजेट दीर्घकालिन विकास र उत्पादनमुलक क्षेत्रमा लगानी होस् भनेर ल्याएको उहाँको भनाई छ । अहिले देशको परिस्थिति आर्थिक भुमरीमा परेको बताउनुहुँदै उहाँले आर्थिक विकासमा लगानी नगर्नु चिन्ताको विषय भएको बताउनुभयो । आर्थिक क्षेत्रमा विकास गर्न खोज्दा यो बजेट साँघुरो बनेको उहाँको भनाई छ। उहाँले प्रदेश सरकारले सोचे जस्तो राजस्व उठाउन नसकेको पनि स्वीकार्नुभयो । आफुलाई आएको योजना टुक्रे मात्र आएको र यसमा आफुलाई चिन्ता लागेको उहाँले बताउनुभयो ।

ठुलाठुला तथा प्रदेश गौरवका योजनाहरु आफुसमक्ष कम आएको उहाँको भनाई छ । उहाँले बागमती प्रदेशमा उत्पादनको कमी भएको बताउनुभयो । प्रदेशले देशको कुल गार्हस्थ उत्पादनको ३६ प्रतिशत प्रभाव पर्ने र उत्पादनमा ११ प्रतिशतमा मात्र प्रभाव पार्ने गरेको उहाँले बताउनुभयो। अहिले उत्पादनसँग जोड्ने गरी नीति कार्यक्रम ल्याएको उहाँले बताउनुभयो। अहिलेको बजेट ५६ प्रतिशत भने पुँजीगत भएकोले राम्रो हुने उहाँले बताउनुभयो। पुँजीगत सुधार गर्न नियम कानुन बनाउन आवश्यक उहाँले बताउनुभयो। उहाँले साझा रुपमा बजेट राख्नुपर्ने र उत्पादनमुलक विकास गर्न सबै अगाडि बढ्नुपर्ने उहाँको भनाई छ। उहाँले प्रतिबद्धता अनुसार अगाडि बढ्ने र बजेट पारित गरेर समृद्ध प्रदेश बनाउन सबै लाग्नुपर्ने बताउनुभयो। प्रदेश सभाको अर्को बैठक मंगलबार दिउँसो ३ बजे बस्ने गरी स्थगित भएको छ।

# घट्यो इन्धनको मूल्य

काठमाडौंः नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। सोमबार साँझ एक विज्ञप्ति जारी गर्दै निगमले सोमबार राति १२ बजेदेखि लागू हुने गरी मूल्य घटाएको हो।

निगमका अनुसार पेट्रोल तथा डिजेल/मट्टितेलमा पहिलो, दोस्रो तथा तेस्रो वर्गका लागि क्रमशः प्रतिलिटर ७.५० रुपैयाँ, ६ रुपैयाँ र ५ रुपैयाँले घटाइएको छ। यसअनुसार पेट्रोल भारतसँगको सीमावर्ती क्षेत्रमा प्रतिलिटर १६७ रुपैयाँ ५० पैसादेखि काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा १७० रुपैयाँसम्म कायम भएको छ। डिजेल र मट्टितेलमा १४७ रुपैयाँ ५० पैसादेखि १५० रुपैयाँसम्म मूल्य कायम भएको छ।

यस्तो मूल्य निगमको डिपोबाट १५ किलोटरसम्मको क्षेत्रमा लागू हुन्छ। भारतीय आयल कर्पोरेशन लिमिटेडबाट १६ असारमा प्राप्त भएको नयाँ खरिद मूल्यसूचीका आधारमा यस्तो निर्णय भएको हो। साविकको आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिटर १४ रुपैयाँ तथा अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनको खुद्रा बिक्री मूल्यमा प्रतिकिलोलिटर अमेरिकी डलर ११५ ले कम गरिएको निगमले जनाएको छ । खाना पकाउने ग्यासको मूल्य भने स्थिर छ।

'नेपाल सरकारद्वारा उपलब्ध गराइएको ऋण तथा मूल्य स्थिरीकरण कोषलगायतका अन्य दायित्वहरुको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको भएपनि आम उपभोक्ताको हितलाई मध्यनजर गर्दै निगमले यो मूल्य समायोजन गरेको जानकारी गराइन्छ', निगमले विज्ञप्तिमा भनेको छ।

यो समायोजनपछि निगमको पाक्षिक नाफा कति कायम हुन्छ भन्ने खुलाइएको छैन।

2-DAY FREE MEDICAL CAMP
(२ दिने निशुल्क चिकित्सा शिविर)



असार २२ र २३ गते
स्थानः हेटौडा स्कुल अफ मानेजमेन्ट एण्ड सोसल साईन्स
समयः बिहान ८ बजे देखि

***नाम दर्ता असार १९ देखि सुरु हुँदैछ।***

निःशुल्क स्वास्थ्य परिक्षण सेवाहरुः

- जनरल मेडिसिन (General Medicine)
- प्रसुति तथा स्त्री रोग (Obstetrics and Gynecology)
- बाल रोग (Pediatrics)
- शल्य क्रिया (General Surgery)
- मानसिक तथा नसा (Psychiatry)
- हाडजोर्नी तथा नसा रोग (Orthopedics)
- छाला तथा यौन रोग (Dermatology)
- नाक कान घाँटी (ENT)
- आँखा परिक्षण (EYE)
- ई. सी. जी. ECG
- भिडियो एक्सरे (USG)
- रगत तथा पिसाब परिक्षण (LAB)
- न्युरो सर्जरी (Nero Surgery)
- मुटु रोग (Heart Disease)

Organized by:
Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

Technical Support by:
KATHMANDU MEDICAL COLLEGE

Accredited by University Grants Commission (UGC), Nepal (2023)

Join IT after +2 ???
Nepal Top



Dinesh Kharel
CSIT 2078 Batch 89.8%

यस हेटौंडा सिटी कलेजका विद्यार्थी **श्री दिनेश खरेल** त्रिभुवन विश्वविद्यालयले लिएको २०७८ ब्याचको -CSIT मा ८९.८ प्रतिशत ल्याई नेपाल टप गर्न सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

हेटौंडा सिटी कलेज/जेनिथ

(साथै २०८० को -BSc. CSIT/BCA -T.U. बाट सम्बन्धन प्राप्त)
प्रवेश परीक्षा कक्षा संचालन हुँदैछ ।)
057526660 /9855077417 /9855067435 /9855069444

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज; अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट



प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

सम्पादकीय

# राजमार्ग विस्तारको प्रतीक्षा

हेटौंडा बजार क्षेत्र भएर दुईवटा प्रमुख राजमार्ग गएको छ । देशकै सबैभन्दा पुरानो राजमार्गको रुपमा परिचित त्रिभुवन राजपथ र अत्याधिक सवारी साधन गुड्ने देशकै सबैभन्दा महत्वपूर्ण महेन्द्र (पूर्व-पश्चिम) राजमार्ग हेटौंडा बजार भएर गएको छ । हेटौंडा बजारको रातोमाटेदेखि बुद्धचोकसम्म यी दुबै राजमार्ग एउटै छ भने बुद्धचोकबाट पश्चिमतर्फ महेन्द्र राजमार्ग गएको छ र बुद्धचोकबाट उत्तरतर्फ त्रिभुवन राजपथ गएको छ । दशकौंदेखि यी दुबै राजमार्ग विस्तारको चर्चा र बहस भइरहेको भए पनि अहिलेसम्म विस्तार हुन सकेको छैन । सडक डिभिजन हेटौंडाले प्रत्येक वर्षजसो सडक अतिक्रमण गरेर निर्माण भएका घरटहरा हटाउन सूचना जारी गर्ने गरेको भए पनि अतिक्रमण हटाएर सडक विस्तार हुन सकेको छैन । सडक ऐनले निर्धारण गरेको सडक सीमाभित्र हेटौंडा बजार क्षेत्रका हजारौं घर रहेका कारण पनि सडक विस्तार चुनौतीपूर्ण बनिरहेको छ । जबजब सडक अतिक्रमण हटाउने सूचना प्रकाशित हुन्छ र राजमार्ग विस्तारको चर्चा चल्छ, हेटौंडा बजार क्षेत्रका घरधनी तथा व्यवसायी शक्तिकेन्द्र धाउँछन् । राजनीतिक दल तथा शक्तिकेन्द्रको आडमा सडक अतिक्रमण हटाउने सूचना कार्यान्वयन हुँदैन ।

गत असार १० गते पनि डिभिजन सडक हेटौंडाले हेटौंडा बजार क्षेत्रमा पर्ने महेन्द्र राजमार्गको दायाँबायाँ २५ मिटर क्षेत्रका घरटहरा हटाउन ३५ दिने सूचना सार्वजनिक गरेको छ । अहिले महेन्द्र राजमार्गको विभिन्न खण्डको सडक विस्तार भइरहेको र पथलैया-नारायणगढ खण्डको विस्तारको लागि पनि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण भइरहेको छ । एसियाली विकास बैंकको ऋण सहयोगमा विस्तार हुन लागेको महेन्द्र राजमार्गको पथलैया-नारायणगढ खण्डभित्र हेटौंडा बजारबाहेक अन्यत्रका सडक अतिक्रमित संरचना हटाउन समस्या छैन । बारा जिल्लाको ३ नम्बर पुलमा रहेका केही होटल र हेटौंडा बजार क्षेत्रको सडक अतिक्रमण हटाउन बाँकी छ । यसपटक सडक डिभिजनले जारी गरेको सूचनामा हेटौंडा बजारको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्तीपुलसम्मको महेन्द्र राजमार्गको सडक सीमाभित्र रहेका सडक ऐनविपरित निर्माण भएका संरचना हटाउन भनिएको छ । राजमार्ग विस्तारका लागि डीपीआर बनिरहेको र ठेक्का प्रक्रियामा जाने तयारी भइरहेको अवस्थामा हेटौंडा बजार क्षेत्रको सडक अतिक्रमण हटाउने पछिल्लो सूचनाले सडक सीमाभित्रका घरधनी तथा व्यवसायीमा त्रास सिर्जना भएको छ ।

विगतमा विभिन्न राजनीतिक दल तथा नेतृत्वले सडक अतिक्रमण हटाउन घरधनी तथा व्यवसायीलाई साथ दिइरहेकोमा पछिल्लो समय सबैजसो राजनीतिक दलहरु सडक विस्तारमा सकारात्मक देखिएका छन् । सडक डिभिजनको पछिल्लो सूचनाबारे अहिलेसम्म राजनीतिक दलहरुले आधिकारिक धारणा सार्वजनिक गरेको छैन । बरु हेटौंडा उपमहानगरपालिकाका जनप्रतिनिधिहरुले सडक अतिक्रमण हटाएर हेटौंडा बजार क्षेत्रको राजमार्ग विस्तार कार्यलाई सघाउने निर्णय गरेका छन् । शनिबार बसेको नगरसभा बैठकमा उपस्थित नगरसभा सदस्यहरुले सर्वसम्मत सडक विस्तारमा सहयोग गर्ने निर्णय गरेका हुन् । उपमहानगर नेतृत्वले यसअघि पनि राजमार्ग विस्तारको पक्षमा रहेको सार्वजनिक अभिव्यक्ति दिइरहेको अवस्थामा नगरसभाबाटै भएको राजमार्ग विस्तारमा सघाउने निर्णयलाई अर्थपूर्णरुपमा लिन सकिन्छ ।

देशका अधिकांश क्षेत्रमा रहेको सडक अतिक्रमण हटाएर सडक विस्तार भइरहँदा हेटौंडा बजार क्षेत्रको सडक कहिले फराकिलो हुने भन्ने प्रतीक्षाकै विषय बनिरहेको छ । हेटौंडा बजार क्षेत्रको राजमार्गको सडक सीमा २५-२५ मिटरभित्रको घरटहरा भत्काउँदा केही घरधनीहरु विस्थापित नै हुने अवस्था छ । सडक सीमाभित्रका घर तथा त्यसमा सञ्चालित व्यवसायीले सडक विस्तारको बिरोध गर्नु स्वभाविक हो । सडक सीमाभित्र पुस्तौं बिताएका र हातमा लालपूर्जा बोकेर बसेकाहरु सडक विस्तारको विपक्षमा छन् भने अन्य नगरबासी सडक विस्तारको पक्षमा देखिएका छन् । राजमार्ग विस्तारको पक्ष-विपक्षमा लाग्नुभन्दा पनि बास्तविक पीडितलाई उचित क्षतिपूर्ति दिएर सडक विस्तार हुनुपर्छ भन्ने बहस गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल




पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : गरेका कामहरु लाभदायी र फलदायी बन्न सक्छन् ।
**वृष** : भेटघाटमा रमाइने समय योग रहेको छ ।
**मिथुन** : मनमा रिस, घमण्ड र डाहको आविर्भाव होला ।
**कर्कट** : आध्यात्मिक र परोपकारजन्य काममा सरिक ।
**सिंह** : दौडधूप गर्नुपर्ने कामहरु मध्यमकारक रहलान् ।
**कन्या** : व्यापारीक दृष्टिले नयाँ कामको थालनी हुने समय योग छ ।
**तुला** : व्यापार– व्यवसायबाट लाभ प्राप्त हुने योग छ ।
**वृश्चिक** : रचनात्मक क्षमताको विकास हुने समय छ ।
**धनु** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**मकर** : इष्टमित्रबाट सहयोग प्राप्त हुने समय योग छ ।
**कुम्भ** : सामाजिक र राजनैतिक काममा सरिक भइने समय छ ।
**मीन** : आफन्तको सर–सहयोग प्राप्त हुने समय योग छ ।

# पहुँच के हो- दूरी वा चेतना ?



✍ डा. शम्भु खनाल





स्वास्थ्यको पहुँच केवल भौगोलिक मात्रै हुँदैन । दूरी मात्रै दुर्गमको मापन यन्त्र हुन सक्दैन। चेतनाशून्य समाजमा आँगनकै सुविधा पनि प्रयोगमा आउँदैन । तसर्थ, पहुँच के हो- दूरी वा चेतना ?

के दूरी नै हो त पहुँच नहुनुको समस्या ? एउटै घरभित्र बस्ने व्यक्तिहरुमा दूरी कम त हुन्छ, तर आत्मीयता अभावमा कोसौं टाढा हुन सक्छ । व्यक्तिको घर-दैलो-आँगनमा स्वास्थ्य संस्था हुन त सक्छ तर उसैलाई ठूलो समस्याग्रस्त रोग लाग्न सक्छ ।

दुर्गमता भौगोलिक मात्रै हुँदैन । व्यक्तिको चेतनाले पनि सेवालाई दुर्गम बनाउने गर्छ । जहाँ चेतनाको कमी हुन्छ त्यहाँ सेवाप्रवाहले मात्रै कार्य पूर्ण हुँदैन । सेवा लिन पनि चेतनाको आवश्यकता हुन्छ ।

झट्ट हेर्दा १०-१२ वर्षकी, ज्यान मोटाएको, गोलो अनुहार, पुक्क फुलेको पेट भएकी छोरीलाई उनकी आमाले पिठ्युँमा बोकेर ओपीडी प्रवेश गर्छिन् । टुलमा राख्छिन् । बच्चाको ओपीडीमा जानुपर्नेलाई झुक्किएर फेरि यता ल्याएछन् भनेर टिकटमा नाम र उमेर हेर्छु । तीन पटक त्यो नानी र कार्डमा लेखेको विवरण तुलना गर्न खोज्छु । पत्याउन गाह्रो हुन्छ ।

किञ्चित पत्यार नै लाग्दैन, ती आमाले आफ्नी २४ वर्षकी छोरीलाई अस्पताल ल्याएकी हुन् भनेर ।

उनको बालापन कहिले आयो र कहिले सकियो ! उनको किशोरावस्था कहिले फक्रियो र कहिले जवान भइन् ! उनका साथीहरु वयस्क छन् कि बालक छन् ! यी सबै आश्चर्यजनक प्रश्नहरु एकाएक ठेलमठेल गरेर मनमा आए ।

नाम त प्रिया रहेछ । कति मीठो नाम । तर नामानुसार जीवन जिउन वञ्चित प्रिया ।

उनी सानैदेखि पुक्क फुलेकी रहिछिन् । गोलोमोलो शरीरलाई पुष्टिएको ज्यान मान्ने हाम्रो समाजलाई त नौलो कुरो नै लाग्ने भएन । कुनै रोगको शंका मान्नु त झन् पाप नै हो कि भन्ने जस्तो गर्छन् । खेती किसानी गरेर जीवन धान्ने परिवारलाई बच्चाको पढाइ कत्तिको अब्बल छ भनेर ध्यान कम नै हुन्छ ।

लेख्न पढ्न जाने जागिर खान्छ, नभए खेती किसानी नै गर्छ भनेर उत्ति महत्व नदिने बानी हुन्छ । उनको पढाइ पनि त्यस्तै नै रहेछ । पढेको कुरा स्मरण गर्न गाह्रो हुने र भुल्ने हुनाले पढाइ गतिलो नभएकोमा दुःख भने मानेका थिए ती बुवाआमाले ।

बल्लतल्ल ६ कक्षा पढ्दै रहेछिन् । धेरै अल्छी गर्छे भनेर पनि गुनासो रहेछ । त्यही पनि जीवनचर्या चलिरहेको थियो आफ्नो छोरीलाई दुई चार वटा टिप्पणी गर्दै, 'कस्तो सुतेको सुत्यै गर्छ । अल्छी ! राम्रोसँग पढ् ।'

हरेक कुराको एउटा सीमा हुन्छ । त्यो परिधि नाघेपछि बल्ल आत्तुरी हुन्छ । वर्षौंदेखिको कमसल गुणस्तरको जीवन बिताएकी छोरीलाई हिंड्न नसक्ने भएपछि अस्पतालको खोजीमा हिंड्न बाध्य हुन्छन् परिवार । चार महिनामा बल्ल प्रादेशिक अस्पताल आइपुग्छन् ।

धेरै टाढाबाट ? होइन, मात्रै २४ किलो मिटर टाढा कपिलवस्तुबाट !

सायद प्युठानको स्याउलीबाङबाट पनि एक महिनामा त बुटवल आइपुगिन्छ !

स्वास्थ्य संस्था नजिक नभएको पनि हैन । सानोमा भ्याक्सिन लगाएको पनि रहेछ । स्वास्थ्य संस्थामा तौल नापेको पनि रहेछ । गाउँघरे क्लिनिक नभएको पनि हैन । तर कसैलाई पनि त्यो उमेर र शरीरको कत्ति पनि तालमेल नमिलेको ध्यानमा आएन त ? त्यो बालक मन, किशोर मन र जवानी मनका वसन्तहरुबाट अन्योलमा रहेको त्यो नानीको मनलाई कसैले छाम्न सकेनन् त ?

हिपमा दुख्दा दुखाइको औषधि दिएर थामथुम पार्ने क्लिनिकको मनमा त्यो कलिलो देखिने शरीर किन दौडिन सकेन त भनेर प्रश्न नै जन्मिएन त ? के २४ किलोमिटर साह्रै टाढा नै हो त !

फेरि हाछ्युँ आउँदा मात्रै पनि काठमाडौं दौडिहाल्ने उग्रचेतना पनि हामी माझमै विद्यमान छ ।

सबैको मनमा जिज्ञासा हुन सक्छ- त्यो नानीलाई के भएको रहेछ त !

ती २४ वर्षकी नानीलाई थाइराइड हर्मोनको कमी सानैदेखि भएको थियो । जसले गर्दा उनलाई 'हाइपोथायरायडिज्म' को समस्या भएको रहेछ । यसलाई सामान्य भाषामा थाइराइड हर्मोनको कमी भनेर बुझ्न सकिन्छ । यो हर्मोन जीवनको गुणस्तरको हर्मोन हो । जसको कमी समयमै परिपूर्ति नगर्नाले प्रियाले गुणस्तरयुक्त जीवन बिताउन सकिनन् । र अहिले उनका हड्डीहरु आफ्नो वास्तविक उमेर अनुसार वृद्धि हुन सकेनन्, जोडिन सकेनन् । बच्चाको हड्डी जस्तै भएर बसिरहे ।

थाइराइड हर्मोनको कमीले बुद्धिमा तीक्ष्णता हुन पाएन । शरीरमा फुर्ती हुन पाएन । छाला राम्रो हुन पाएन । शरीर र दिमाग ऊर्जाविहीन भयो । चुस्तदुरुस्त इन्जिन विनाको गाडी जस्तै जीवन कमसल बन्न पुग्यो ।

यो सबै कुराको दोष कसको हो त ? नियति वा चेतनाको ? राज्य वा समाजको ? बाउआमा वा स्वास्थ्य संस्थाको ? रोग पहिचान गर्न नसक्ने समाज वा स्वास्थ्यकर्मीको ? च्याउ जस्तै उम्रिएका चिकित्सा विज्ञान संकाय पढाउने कलेजहरुको ?

सायद उत्तर विचार विमर्शको विषय होला । तर सत्य के हो भने शिक्षाले चेतना जन्मिन्छ । चेतना विना न अधिकार को ज्ञान हुन्छ न सुविधाको सदुपयोग। स्वास्थ्यको पहुँच केवल भौगोलिक मात्रै हुँदैन । दूरी मात्रै दुर्गमको मापन यन्त्र हुन सक्दैन। चेतनाशून्य समाजमा आँगनकै सुविधा पनि प्रयोगमा आउँदैन। तसर्थ, पहुँच के हो- दूरी वा चेतना ? विचार गरौं ।

(लेखक लुम्बिनी प्रादेशिक अस्पतालमा कार्यरत छन्। स्रोतः अनलाईनखबर)

# अहिलेको अर्थतन्त्र र खराब कर्जा



✍शंकरमान सिंह

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेअनुसार २०८० वैशाख मसान्तसम्ममा 'क' वर्गका वाणिज्य बैंकको खराब कर्जा ३.२३ प्रतिशत, 'ख' वर्गका विकास बैंकको ३.४० प्रतिशत र 'ग' वर्गका वित्तीय संस्थाको ८.१९ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा यी सबै बैंक तथा वित्तीय संस्थाहरूको औसत खराब कर्जा ३.३४ प्रतिशत छ ।

हालै सार्वजनिक भएका तथ्यांकबाट आर्थिक वर्ष २०७९/८० मा खराब कर्जा घटाउन नसक्दा बैंक तथा वित्तीय संस्थाहरू सो रकम उठाउनका लागि सम्बन्धित निकायले विशेष पहल गर्नुपर्नेमा जोड दिन थालेका छन् । विगतमा समग्र अर्थतन्त्रमा आएको सुस्तता र कर्जाको उच्च ब्याजदरका कारण बैंकहरुको खराब कर्जा नघटेको कुरामा कुनै शंका छैन ।

जब अर्थतन्त्रमा मन्दी आउँछ र आर्थिक क्रियाकलापहरू चलायमान नभएर अर्थव्यवस्थाको स्वास्थ्य बिग्रन थाल्छ, त्यति बेला त्यो रोगको लक्षण र प्रभावबाट बैंकिङ क्षेत्र मात्र अछूत रहन सक्ने सम्भावना नै हुँदैन । बैंकिङ क्षेत्र नै अस्वस्थ भएपछि समग्र अर्थतन्त्र नै आर्थिक दुष्चक्रमा फस्ने भएकाले यो क्षेत्रको स्वच्छतालाई प्राथमिकताका साथ यथावत् कायम राख्न विश्वव्यापी रूपमा नै विभिन्न प्रयास हुने गरेका छन् । तर, हाल केही बाह्य क्षेत्रमा सुधार भएको संकेत देखिएको, विप्रेषणमा केही बढोत्तरी, निक्षेपमा सुधार, ब्याजदरमा कमी भए तापनि मुद्रा प्रदायमा वृद्धि भएको छ । त्यसो भएको हुनाले मन्दीको अवस्थाबाट केही राहत भएको छ, तर सन्तोष लिने ठाउँ छैन । कर्जाको मागमा वृद्धि हुनु भनेको भनेको सञ्चित निक्षेपहरुको विस्तार र लगानी हो । बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो निक्षेप गुणकका रूपमा विस्तार गर्छन् ।

निक्षेपकर्ताहरूको नगद आवश्यकता पूरा गर्न उनीहरूले निश्चित प्रतिशत र कम केन्द्रीय बैंकमा रिजर्भका रूपमा राख्नु आवश्यक छ । आवश्यक रकम सञ्चित राखेपछि वाणिज्य बैंकहरुले सार्वजनिक निक्षेपको बाँकी अंश ऋणका रुपमा दिने गर्छन् । बैंकहरूले राखेको रिजर्भको रकमलाई नगद रिजर्भ अनुपात (सिआरआर) भनिन्छ र नेपालमा नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गर्छ ।

हालै, नेपालको बैंकिङ क्षेत्रमा कर्जा प्रवाह न्यून हुँदै जाँदा बैंकमा निक्षेपको थुप्रो लाग्न थालेको छ । अर्थतन्त्रमा आएको सुस्तता र उच्च ब्याजदरका कारण कर्जाको माग नै हुन नसक्दा बैंकमा निक्षेप थुप्रिन थालेको हो । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थाहरूले चालू आवको वैशाखसम्ममा ४८ खर्ब ७९ अर्बभन्दा बढी कर्जा लगानी गरेका छन्, जसअनुसार १ खर्ब ६३ अर्ब हाराहारीमा खराब कर्जा पुगेको देखिन्छ । खराब कर्जा बढ्दै जाँदा कर्जालगानी घट्दै गएको छ ।

चालू आव २०७९/८० को वैशाखसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा लगानी १० अर्ब बढीले घटेको छ । नेपाल राष्ट्र बैंकका अनुसार वैशाखसम्ममा ५४ खर्ब ९५ अर्ब निक्षेप संकलन हुँदा कर्जा लगानी भने ४८ खर्ब ७९ अर्ब भएको छ । गत आवको सोही अवधिमा ५४ खर्ब ८५ अर्ब निक्षेप संकलन हुँदा ४८ खर्ब ८९ अर्ब कर्जा लगानी भएको थियो । यो अवधिमा ४२ खर्ब ९८ अर्ब बढी कर्जा लगानी गरेका वाणिज्य बैंकहरूको खराब कर्जा १ खर्ब ३८ अर्ब छ । यस्तै, ४ खर्ब ६० अर्ब कर्जा लगानी गरेका विकास बैंकको खराब कर्जा १५ अर्ब ६४ करोड छ भने फाइनान्स कम्पनीहरुको सबैभन्दा बढी खराब कर्जा छ । यी कम्पनीहरूले ९२ अर्ब कर्जा लगानी गर्दा ७ अर्ब ५१ करोड कर्जा खराब बनेको छ ।

निष्क्रिय वा खराब कर्जा घटाउन नसकेकै हुनाले पनि विगत केही महिनामा बैंकहरूले कर्जा लगानीमा रुचि देखाएका छैनन्, निक्षेप थुप्रिएको छ । नेपालको सन्दर्भमा निजी क्षेत्र र बैंक तथा वित्तीय क्षेत्रबीच तरलता र कर्जा उपलब्धताका विषयमा बहस र विवाद हाम्रा लागि नौलो होइन । कर्जा लेनदेनका विषयमा दुवैका लागि एक-अर्काबीचको सम्बन्ध आवश्यक छ । एउटा नभए अर्कोको अस्तित्व छैन । तैपनि दुवै क्षेत्रबीच विवाद, आरोप-प्रत्यारोप चलिरहन्छ । यस सम्बन्धमा बैंक तथा वित्तीय क्षेत्रले वास्तवमै चर्को ब्याज लिएका थिए वा अन्य कारणले ब्याज चर्को हुन पुगेको थियो, त्यो अनुसन्धानकै विषय होला ।

खराब कर्जा बढ्दै जानुमा अर्थतन्त्रको संकुचन मुख्य कारक रहेको बताइन्छ । अर्थतन्त्रमा संकुचन आउँदा गाउँ-गाउँमा त्यसको असर देखिएको छ । ठूला व्यवसायीलाई मात्र नभई पछिल्लो समय ससाना व्यवसाय गर्ने व्यवसायीहरूमा अर्थतन्त्र संकुचनको असर देखिएको छ । आर्थिक गतिविधिमा कमी भएपछि त्यसको असर ऋणीहरूलाई परेको देखिन्छ । आर्थिक गतिविधिमा आएको संकुचनले गर्दा मानिसको नगद प्रवाहमा असर परेको पाइन्छ, जसले कर्जा असुलीका लागि गाह्रो परेको छ । बैंकहरूमा हुने खराब कर्जालाई व्यवस्थापन गर्ने गरी ती बैंकको वासलातबाट त्यस्ता कर्जा हटाएर खराब कर्जाका कारण बिग्रिएको बैंकको वित्तीय स्वास्थ्यलाई स्वस्थ बनाउने प्रयास गर्नु हुँदैन ।

कर्जा अपचलन गर्ने, ऋण समयमै नतिर्ने वा अन्य वित्तीय अपराध गर्नेको सूची तयार गरेर कर्जाको जोखिम व्यवस्थापन गर्नेलगायतका काम गर्ने गरी २०४६ जेठ १ गतेबाट कर्जा सूचना केन्द्र सञ्चालनमा ल्याइएको हो । नेपाल राष्ट्र बैंकले विभिन्न अवस्थाका आधारमा कुनै व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्न सक्ने व्यवस्था छ ।

ऋण लिएर मान्छे बेपत्ता भएमा वा ९० दिनसम्म सम्पर्कमा नआएमा, कर्जाको साँवा वा साँवाको कुनै किस्ता वा ब्याज भुक्तानीको मिति एक वर्ष नाघेमा, ऋणी टाट पल्टेमा उसलाई कालोसूचीमा राखिन्छ । ऋणीले भाकाभित्र ऋण चुक्ता नगरी बैंक तथा वित्तीय संस्थाले ऐनअनुसार कर्जा असुलीको कारबाही चलाउँदा वा ऋणीले कर्जाको दुरुपयोग गरेको प्रमाणित हुँदा पनि कालोसूचीमा राखिन्छ ।

त्यस्तै नक्कली चेक, ड्राफ्ट, विदेशी मुद्रा, क्रेडिट/डेबिट कार्ड, बिल्स आदि कागजात तथा उपकरण प्रयोग गरी रकम ठगी गरेमा कालोसूचीमा परिन्छ । आफ्नो खातामा पर्याप्त रकम नभई चेक जारी गर्नेलाई पनि कालोसूचीमा राखिन्छ । विद्यमान जोखिमको सामना गर्न पनि बैंकहरू प्रत्येक क्षेत्रलाई उनीहरूको ऋणमा धेरै सावधान हुने गर्छन् । सरल शब्दमा भन्नुपर्दा कुनै पनि बैंकले विशेष क्षेत्रमा अत्यधिक कर्जा दिन चाहँदैन ।

मुलुकको अर्थतन्त्रमा आएको शिथिलताका कारण वित्तीय र मौद्रिक

...बाँकी पृष्ठ ३ मा

# मकवानपुरगढी ४ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा




*स्वास्थ्यकर्मीलाई सम्मान गर्नुहुँदै गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाको वडा नम्बर ४ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा भएको छ। आइतबार एक कार्यक्रमका बीच गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले मकवानपुरगढी ४ लाई औपचारिकरुपमा पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्नुभएको हो ।

अध्यक्ष स्याङ्तानले मकवानपुर गढीको ४ नम्बर वडास्थित शहीद रुद्र स्मृति सामुदायिक स्वास्थ्य इकाईलाई प्रमाणपत्र प्रदान गरेर पूर्ण संस्थागत सुत्केरी सुनिश्चित भएको वडा घोषणा गर्नुभएको हो । सो अवसरमा अध्यक्ष स्याङ्तानले आगामी दिनमा अन्य वडाहरुलाई पनि पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरेर सिंगो पालिकालाई नै संस्थागत सुत्केरी हुने पालिकाको रुपमा विकास गर्ने गरी अभियान चलिरहेको बताउनुभयो ।

वडाभित्र गत आर्थिक वर्षमा ४० जना र चालु आर्थिक वर्षमा ३५ जना गर्भवतीले स्वास्थ्य संस्थामा सुत्केरी गराएको मकवानपुरगढी गाउँपालिकाका स्वास्थ्य संयोजक धुब्र लामिछानेले जानकारी दिनुभयो । विगत ५ वर्षदेखि नै पूर्ण संस्थागत सुत्केरी वडा घोषणाका लागि आफूहरु लागिपरेको भन्दै लामिछानेले यस कार्यलाई निरन्तरता दिइ दिगो बनाउन सक्रिय भइरहेको बताउनुभयो । आगामी आर्थिक वर्षमा गाउँपालिकाको १, २ र ३ नम्बर वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्ने गरी प्राथमिकतामा राखेर काम गरिरहेको उहाँले जानकारी दिनुभयो ।

मकवानपुर जिल्लाको थाहा नगरपालिकाको वडा नम्बर ६ लाई २०७६ साउन १७ गते बागमती प्रदेशकै पहिलो पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको थियो । थाहा नगपालिकाको वडा नम्बर ९ र १० लाई २०८० बैशाख २७ गते, वडा नम्बर २, ३ र ४ लाई २०८० जेठ २२ गते र वडा नम्बर ११ र १२ लाई जेठ २८ गते पूर्ण सुत्केरी व डा घोषणा गरि सकिएको छ । यसैगरी हेटौंडा उपमहानगर पालिकाको वडा नम्बर ९ गतवर्ष र वडा नम्बर ६ यसवर्ष पूर्ण संस्थागत सुत्केरी वडा घोषणा भइसकेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

वडा नम्बर ४ का अध्यक्ष अर्जुनप्रसाद तिमल्सिनाको सभाध्यतामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष स्याङ्तानको प्रमुख आतिथ्य थियो । कार्यक्रममा विशेष अतिथिको रुपमा गाउँपालिका उपाध्यक्ष मानकुमारी पाख्रिन नेपाली, जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख दीपककुमार तिवारी, मकवानपुरगढी गाउँपालिकाका प्रशासकीय अधिकृत शैलेन्द्र भण्डारी रहनुभएको थियो । कार्यक्रममा रानी सामुदायिक वनका अध्यक्ष बिष्णुप्रसाद न्यौपाने, सृजनशील समाज बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष कृष्ण बिडारी, अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थाका अध्यक्ष मुस्कान लामा, वडा सदस्यहरुको आतिथ्य थियो । स्वास्थ्यकर्मीहरु, स्वास्थ्य स्वयम्सेविकाहरु, स्थानीय वडाबासीलगायतको उपस्थिति रहेको कार्यक्रममा वडा नम्बर ४ का स्वास्थ्य शाखाका कर्मचारी तथा स्वास्थ्य स्वयम्सेविकाहरुलाई सम्मान गरिएको थियो ।

## अहिलेको अर्थतन्त्र...

प्रणालीले लामो समय लगानीयोग्य र कमको अभाव झेलेको थियो । कारण बैंक ब्याजदर उच्च हुन पुग्यो । बैंक ब्याजदर १२ प्रतिशतभन्दा माथि हुँदा कर्जा लिएका ऋणीहरूले ऋण तिर्न नसक्ने अवस्था सिर्जना भयो । फलस्वरूप बैंकिङ क्षेत्रमा क्रमशः निष्क्रिय कर्जा बढ्दो क्रममा अगाडि बढ्यो भन्ने कुरा बारम्बार भन्ने लागतमा पनि फेरि भनियो ।

केही वर्षअगाडिसम्म नेपालको बैंकिङ क्षेत्रमा खराब वा निष्क्रिय कर्जाको अनुपात न्यून स्तरमा रहेको भनेर बैंकिङ क्षेत्रका नियामक नेपाल राष्ट्र बैंकदेखि सरकारले समेत समष्टिगत आर्थिक स्थितिबारेको आफ्नो प्रतिवेदनमा उल्लेख गर्ने गरेको देखिन्थ्यो ।

नेपाल राष्ट्र बैंकको नियमअनुसार तीन महिना वा सोभन्दा बढी समयसम्म भुक्तानी नपाएको ऋणलाई निष्क्रिय कर्जा (एनपिएल) मानिने व्यवस्था छ । प्रत्येक ऋणमा हुने जोखिम न्यूनीकरण गर्न नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई गैर कार्यसम्पत्तिको गुणस्तरका आधारमा कर्जा नोक्सानीको व्यवस्था मिलाउन निर्देशन दिएको हुन्छ ।

नयाँ मौद्रिक नीति र बजेट कार्यान्वयनले अर्थतन्त्रमा सकारात्मक वा नकारात्मक कस्तो असर पार्छ, त्यसलाई अध्ययन गरेर मात्र कर्जा लिने सोचमा निजी क्षेत्र रहेको देखिन्छ ।

तरलता अभावमा जस्तै अधिक तरलताले पनि अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्छ । बैंकहरूमा निक्षेप बढ्ने तर कर्जा नबढ्ने भयो भने बैंकहरूको ब्याज खर्च बढ्न गई सञ्चालन मुनाफा प्रभावित हुन पुग्छ । फलस्वरूप बैंकहरूले निक्षेपको ब्याजदर घटाउन थाल्छन् र निक्षेपकर्ताहरू प्रभावित बन्न पुग्छन् । उता कर्जाको पनि ब्याजदर त घट्छ, तर लगानीयोग्य वातावरणको अभावमा कर्जाको माग बढ्न सक्दैन र लगानी अनुत्पादक क्षेत्रतर्फ प्रवाहित हुन थाल्ने डरलाग्दो संकेत देखिन्छ । यसले विगतमा झैं भीषण चक्रको रुप पनि लिन सक्छ । तर, मौद्रिक नीतिले यसको सम्बोधन गर्नुपर्ने, विज्ञ र सम्बन्धित निजी क्षेत्रको सहभागितामा 'छुट्टै मौद्रिक नीति समिति' हुनुपर्ने आवश्यकता छ ।

अर्को सम्भावना, अधिक तरलताका कारण स्वदेशमा बचतको न्यून प्रतिफल हुने हुँदा पुँजी पलायनको अवस्था पनि सिर्जना हुन सक्छ । साथै, बैंकमा कम ब्याज पाउने भएपछि विगतमा झैँ सुपरिवेक्षण र निगरानीबाट टाढा रहेका नियमन नभएका र असंगठित संस्था र केही सहकारीजस्ता संस्थाहरूमा निक्षेप जान्छ, जसले वित्तीय जोखिम निम्त्याउँछ । अब केही समयपछि यसको असर निक्षेपमा पर्न जानेछ । केही बैंकले निक्षेपको ब्याजदर घटाइसकेका छन् भने केही बैंकले निक्षेपको ब्याजदर घटाउने तयारी गरिरहेका छन् । तर, कर्जाको ब्याजदरको जति चर्चा हुन्छ, त्यति चर्चा निक्षेपको ब्याजदरले नपाउने हुँदा यसलाई बेवास्ता गरिँदै आएको छ ।

निक्षेपको ब्याज कम हुँदा बचत गर्न मानिसहरू निरुत्साहित हुने जानकारहरू बताउँछन् । हालैको सन्दर्भ हेर्ने हो भने पनि एकातर्फ कर्जाको ब्याजदर बढी भएको भन्दै निजी क्षेत्र असन्तुष्ट हुनु, अर्थतन्त्रको सुस्तताका कारण कर्जाको माग हुन नसक्नुजस्ता कारणले समग्र बैंक व्यवस्थामा समस्या आइरहँदा बैंकहरूलाई खराब कर्जा घटाउन समस्या परेको छ । छिमेकी मुलुक भारतसँग तुलना गर्ने हो भने अझै नेपालका बैंकको ब्याजदर उच्च नै छ । अझै पनि १० प्रतिशतको हाराहारीमा मुद्दति निक्षेपको ब्याजदर छ ।

समग्रमा, मुलुकमा अहिलेको खराब कर्जा धेरै ठूलो होइन । निश्चय पनि पहिलेको भन्दा केही माथि गएको त हो, तर यो धेरै नै खराब भन्ने अवस्थाचाहिँ होइन । भारतमा पनि करिब १० प्रतिशतको हाराहारीमा रहेको खराब कर्जा पनि रिकभर भएको देखिन्छ । साथै, नेपालमा पनि आर्थिक क्रियाकलापको विस्तारसँगसँगै क्रमशः खराब वा निष्क्रिय कर्जा घट्दै जाने अपेक्षा गर्न सकिन्छ ।

*(स्रोतः कारोबारदैनिक)*

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

## बालश्रम निवारणका लागि स्थानीय तहसँग अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले बालश्रम निवारणका लागि स्थानीय तहसँग अन्तरक्रिया गरेको छ । सोमबार बालकल्याण समाज र हेटौंडा उपमहानगर पालिकाको आयोजना तथा ग्लोबल मार्चको सहयोगमा बालश्रम निवारणका लागि स्थानीय तहको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम भएको हो ।

हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव अम्बिकाप्रसाद अधिकारी र बालकल्याण समाज एवम् राष्ट्रिय बाल संरक्षण सञ्जालका अध्यक्ष प्रकाश खतिवडाले बालश्रम निवारणसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । हेटौंडा उपमहानगर पालिकालाई बालश्रममुक्तसहित बालमैत्री घोषणा गर्नका लागि यो कार्यक्रम कोशेढुङ्गा सावित भएको खतिवडाले बताउनुभयो ।

कार्यक्रममा उपसचिव अधिकारीले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७, प्रस्तुत गर्दै त्यसमा रहेको ७ सूचक र २० उपसूचकको बारेमा जानकारी गराउनुभयो । यस्तै, अधिकारीले नेपालको संविधान, दिगो विकास लक्ष्य, बालश्रम योजनाको बारेमा जानकारी गराउनुभयो । बालश्रमको अन्य गरी सबैको समन्वय र सक्दो सहयोग हुनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिका बालमैत्री स्थानीय तह घोषणाको लागि भएको क्रियाकलापबारे उपमहानगर पालिकाका महिला बालबालिका महाशाखा निर्देशक विष्णुकुमारी लामिछानेले प्रस्तुतिकरण गर्नुभएको थियो । लामिछानेले नगरपालिकाले बालश्रम न्यूनीकरणका लागि गरेको क्रियाकलापको बरेमा बताउनुभयो । नगरपालिकाबाट भइरहेको बालविवाह अन्त्यको प्रयास, अनुगमन र स्थितिपत्रको बारेमा जानकारी गराउनुभयो ।

कार्यक्रममा उपमेयर बानियाँले बालमैत्री घोषणाका लागि स्थानीय सस्था र स्थानीय तहले गरेको सहयोग राम्रो भएको बताउनुभयो । उपमहानगरले थालनी गरेको बालमैत्री स्थानीय शासन घोषणाका लागि बालश्रममुक्तसहित बालमैत्री घोषणाका लागि पालिकाले सञ्चालन गरेको अभियानमा सहकार्य र सहयोग गर्न सबैलाई अनुरोध गर्नुभयो । कार्यक्रममा बालमैत्री स्थानीय शासन नगर समितिका सम्पूर्ण पदाधिकारीको सहभागिता रहेको थियो ।

**स्वादिष्ट नेवारी खाजा**




अब

**होटल बासुकला (फास्टफुड) मा**

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

**मकवानपुर बालविद्या सदन**

MAKAWANPUR BAL BIDYA SADAN
Hetauda-18, Khadkule, Makawanpur

**हेटौंडा-१८, खड्कुले**

## गुरू



**विनिता गोङ्बा**

ज्ञानको श्रोत अनि माया ममताको खानी
असल कुरा सिकाउनु भो सँधै आफ्नो ठानी
लक्ष्य चिन्न सिकाउनी, हजुर महान हाम्रो गुरु
सिक्ने अनि सिकाउने क्रम भयो हजुरबाटै सुरु
अन्धकार मेरो जीवनमा उज्यालो बन्नुभयो
तलवार भन्दा कलम बलियो हुन्छ भन्नुभयो
चाहनु भयो शिष्यले सँधै नयाँ रचना झिकुन
मानवता के हो भन्ने ज्ञान जरैदेखि सिकुन
सादा जीवनको पानामा रंगिन मसी भर्नुभयो
अनपढ अज्ञानीहरुमा ज्ञानको ज्योति छर्नुभयो
सँधै सबैको भलो चाहने गुरु हुन् हाम्रो भगवान
शत्रु नै किन नहोस् गुरुको साम झुक्छ तयार छन्

*कक्षा-१०*

## ईच्छा



**अविशेक कार्की**

भएर पैसा विवेक अन्धो अपाङ्ग नहुँ म
उन्नति गरी सबै साम् सँधै हसिलो रहूँ म
सिर्जनाका बेला पसिना काढी काममा रहूँ म
पसिना पुछी आँसुले रुभने आभागी नहुँ म

पुर्‍याउँला धोको भरुँला पेट नम्र म बनेर
हिँडेको हुन्छु बोकेर भारी बाँझोमा खनेर
खटेको हुन्छु हुर्किंदो घाम, पानी र असिना
ठगेर खान नपरोस मैले कसैको पसिना

खस्रा नै होऊन् हितका बचन हाँसेर सहुँ म
हेपेको पनि चुपचाप सहने नामर्द नहुँ म
म गोड्न थालौं युगको खेति जीवन हालेर
लाग्दैन पाप बारीको झार खनेर फालेर

जिन्दगी भरि हितका संगी साथमा रहूँ म
स्वार्थमा साथी संगती भुल्ने निठुर नहुँ म
म जहाँ जाउँ सिर्जना नयाँ गरी नै रहूँ म

*कक्षा-६*

## मामाघरमा शिक्षा अधिकृतको जन्मदिन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाका शिक्षा अधिकृत आइतराम तामाङले आफ्नो जन्मदिन हेटौंडा-११ स्थित मामाघर नेपालमा पुगेर मनाउनुभएको छ । सोमबार मामाघर नेपालमा उपस्थित भई शिक्षा अधिकृत तामाङले १० हजार रुपैयाँ सहयोग गरेर आफ्नो जन्मदिन मनाउनुभएको हो । शिक्षा अधिकृत तामाङले यसअघि पनि मामाघरलाई सहयोग गर्दै आएको मामाघरका संरक्षक अर्पण पराजुलीले बताउनुभयो । स्थानीयहरुको दान, जन्मदिन र संस्थाहरुको वार्षिककोत्सवमा गरिने सहयोगबाट नै मामाघर नेपालको व्यवस्थापन हुँदै आएको उहाँले बताउनुभयो । सडक बालबालिका व्यवस्थापनमा सक्रिय मामाघर नेपालमा अहिले १८ जना बालबालिका रहेको संरक्षक पराजुलीले बताउनुभयो । मामाघरले हालसम्म २ सय ४ जना बालबालिकाको उद्धार गरी १ सय ७२ जना बालबालिकाको पारिवारिक पुनर्मिलन गराइसकेको छ ।

## शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति २०८०/०३/१८*

यस श्री बालबोध माध्यमिक विद्यालय हेटौडा-१७, हटियामा शिक्षा विकास तथा समन्वय इकाई, हेटौडाको मिति २०८०।०३।१७ गतेको च.नं.१६४९ को विज्ञापन अनुमति पत्रानुसार तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८०।०३।०८ गतेको निर्णय अनुसार माध्यमिक तह तृतीय श्रेणी राहतमा रिक्त पदपूर्ति गर्नुपर्ने भएकोले यस विद्यालयको विज्ञापन नं. ०१-२०७९/०८० र ०२-२०७९/०८० अनुसार इच्छुक नेपाली नागरिकहरुले तपशिल बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्तको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

१) विज्ञापन नं: ०१/२०७९-०८० (अङ्ग्रेजी) र ०२/२०७९-०८० (विज्ञान तथा प्रविधि) ।
२) तह: माध्यमिक तह राहत ।
३) विषय: अङ्ग्रेजी (१ जना) र विज्ञान तथा प्रविधि (१ जना) ।
४) न्युनतम शैक्षिक योग्यता:
क) मूल विषय अङ्ग्रेजी लिई स्नातक वा सो सरह उत्तीर्ण (अङ्ग्रेजी विषयको लागि)
ख) विज्ञान विषयमा स्नातक वा सो सरह उत्तीर्ण (विज्ञान तथा प्रविधि विषयको लागि)
५) तलब: नेपाल सरकारको नियमानुसार ।
६) परीक्षा: लिखित/मौखिक र आवश्यकता अनुसार कक्षा अवलोकन हुन सक्ने ।
७).उमेर हदबन्दी: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
८) परीक्षा दस्तुर: रु १,५००/- (रु एक हजार पाँच सय मात्र)
९) दरखास्त दिने अन्तिम मिति: २०८०।०४।०१ गते ४:०० बजेसम्म ।
१०) सम्पर्क मिति: २०८०।०४।०२ गते ।
११) परीक्षा मिति: सम्पर्क मितिमा तोकिने छ ।
१२) दरखास्त दिने स्थान र समय: विद्यालय लेखा शाखामा, विद्यालय समय भित्र

**१३) आवश्यक कागजातहरू:**

क) हस्तलिखित निवेदन १ प्रति ।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ थान ।
ग) शैक्षिक योग्यताको प्रतिलिपि २ थान ।
घ) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ थान ।
ङ) तालिम वा अन्य शैक्षिक अनुभव भएमा त्यसको प्रतिलिपि २ थान ।
च) कम्प्युटर लगायत अन्य अनुभव भएमा त्यसको प्रतिलिपि २ थान ।

(**नोट**: शिक्षक सेवा आयोगको करार शिक्षक सूचिमा परेकाहरुको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ दिनभित्रमा सम्पर्क राख्नु पर्नेछ, अन्यथा खुल्ला उम्मेद्वारहरुको लागि शिक्षा नियमावली २०५९ संशोधन सहितको प्रक्रिया पूरा गरी पदपूर्ति गरिने छ ।)

**प्रधानाध्यापक**
**रमेश रिजाल**
**थप जानकारीको लागि सम्पर्क नं.**
**९८५५०११५७०, ९८०२५११५७०, ९८५५०६९२०१, ९८४५२८९९०२, ९८४५५४२७६४**

# उपमहानगरको २० लाख लगानीमा दुई वटा गार्मेन्ट उद्योग स्थापना




*हेटौंडा-१८, हर्नामाडीमा गार्मेन्ट उद्योगको उद्घाटनमा सहभागी नगर प्रमुख, वडा अध्यक्ष लगायत ।*

समाज संवाददाता

हेटौंडाः स्थानीयलाई आयआर्जनमा जोड्ने उद्देश्यसहित हेटौंडा उपमहानगर पालिकाले २० लाख रुपैयाँ लगानीमा दुईवटा गार्मेन्ट उद्योग स्थापना गरेको छ। हेटौंडा-५ र हेटौंडा-१८ मा सोमबार एकैदिन दुई उद्योग नगर प्रमुख मीना कुमारी लामाले उद्घाटन गर्नुभएको छ। हेटौंडा-५ मा हेटौंडा गार्मेन्ट समुह र हेटौंडा-१८ मा हर्नामाडी स्वरोजगार महिला गार्मेन्ट उद्योगले व्यवस्थापन गर्ने उपमहानगरपालिकाले जनाएको छ।

उद्योगको उद्घाटन गर्नुहुँदै नगर प्रमुख लामाले दैनिक गुजाराका लागि नियमित आयआर्जन गर्न पहिलो चरणमा उपमहानगरले लगानी गरेको बताउनुभयो। गाउँघरमै रहेर नियमित आयसँगै सीपको निखारताका लागि सुनौंलो अवसर भएको उहाँको भनाइ थियो। नगर प्रमुख लामाले रोजगारीको अवसरलाई सदुपयोग गर्दै सुन्दर भविष्य बनाउन शुभकामना दिनुभएको छ।

पहिलो चरणको आभारभूत सिलाईकटाई तालिम लिएकाहरुलाई थप तालिम दिँदै रोजगारीको अवसर दिएको बताइएको छ। अहिले उपमहानगरले बीउ पुँजी लगानी गरेर सुरुवात गरेको उद्योगलाई कार्यविधि बनाएर निजी क्षेत्रलाई हस्तान्तरण गरिने उपमहानगरका उद्योग तथा सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेलले जानकारी दिनुभएको छ। उहाँकाअनुसार अहिले पहिलो चरणमा आधारभूत सिलाईकटाईको तालिमपछि हेटौँडा-५ मा १० र हेटौँडा-१८ मा २१ जनाले रोजगारीको अवसर पाउने छन्। गार्मेन्टमा अहिले भएको संख्याबाट हरेक वर्ष १० जनाको दरले रोजगारीमा लाग्नेहरु थप गर्नुपर्ने बताइएको छ।

उपमहानगरले सञ्चालनमा ल्याएको हेटौँडा-५ गार्मेन्ट मेनुका श्रेष्ठ र १८ मनु भूजेलको अध्यक्षतामा भएको कार्यक्रममा हेटौँडा-५ का अध्यक्ष सुशील घिमिरे, १८ का अध्यक्ष अनिल बानियाँ, हेटौँडा उपमहानगरपालिका सहकारी तथा उद्योग शाखा प्रमुख हिमप्रसाद पौडेलको आतिथ्य रहेको थियो।

# करेन्ट लागेर एक जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लामा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा धादिङको निलकण्ठ नगरपालिका-३ का ४५ वर्षीय डम्बरबहादुर लामिछाने रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

आइतबार राति ८ बजेर १० मिनेटको समयमा सोही ठाउँस्थित मुलचोक टोल सुधार समितिको सडकको बत्ती बनाउने क्रममा लामिछानेलाई करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते भएका लामिछानेलाई उपचारका लागि जिल्ला अस्पताल पुऱ्याउने क्रममा बाटोमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# नाइट्रोभेटसहित काभ्रेका सापकोटा पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध नाइट्रोभेट १३ टयाब्लेटसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा काभ्रे जिल्लाको पाँचखाल नगरपालिका-७ का २३ वर्षीय विवेक सापकोटा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

प्रहरीले सापकोटालाई आइतबार राति ८ बजेर ३० मिनेटको समयमा हेटौंडा-१५, रातोमाटोबाट उक्त लागूऔषधसहित पक्राउ गरेको हो। प्रहरी टोलीले वीरगञ्जबाट चितवन जाँदै गरेको ना ६ ख ५६७७ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा बसमा सवार सापकोटाको साथबाट नाइट्रोभेट बरामद गरी उनलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ल्याइएको थियो।

# आँखा अस्पतालमा हप्तामा ४ दिन शल्यक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडा सामुदायिक आँखा अस्पतालमा हप्तामा ४ दिन शल्यक्रिया हुने गरेको छ। अस्पतालमा शुक्रबार र आइतबारबाहेक अन्य ४ दिन शल्यक्रिया हुने गरेको अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले बताउनुभयो।

पुस महिनादेखि जेठ महिनासम्म ८ हजारले निःशुल्क शिविरमा आँखा जाँच गराएका छन् भने ४ सय जनाले निःशुल्क शल्यक्रिया गरेका हुन्। आँखा अस्पतालमा पहिलाभन्दा बिरामीको संख्या बढ्दो क्रममा देखिएको छ। अस्पताल पुरानो भएर, सबैले चिनेर र अस्पतालप्रति विश्वास गरेर बिरामीको संख्या बढेको श्रेष्ठले जानकारी दिनुभयो। अस्पतालमा मोतीबिन्दुको बिरामी धेरै आउन थालेका हुन्।

आँखा जाँच गराउन धेरै वृद्धवृद्धा मोतीबिन्दुको समस्या भएर आउने गरेका छन् भने बच्चाहरु दृष्टिदोष र टाढाको नदेख्ने समस्याले आउने गरेका छन्। आँखा अस्पतालमा दैनिक औसत ३ सय ५० जना बिरामी आउने गरेको व्यवस्थापक श्रेष्ठले जानकारी दिनुभयो। अस्पतालमा ४० वर्ष उमेर समूहमाथिका बिरामी धेरै आउने उहाँको भनाइ छ। जाडोमा भन्दा गर्मी महिनामा बिरामी धेरै आउने बताइएको छ। गर्मीमा आँखाको एलर्जी हुने कारण धेरै बिरामी आउने गरेको श्रेष्ठले बताउनुभयो।

उद्योगमा काम गर्ने, बारीमा काम गर्दा केही समस्या भएर इमर्जेन्सीमा बिरामी आउने गरेको श्रेष्ठको भनाइ छ। अस्पतालमा मोतीबिन्दुका साथै आँखाको पर्दा च्यातिएको, परेला ढाकेको, मासु पलाएको आदि शल्यक्रिया हुन्छ। आँखा जँचाउन मकवानपुरसहित बारा, पर्सा, रौतहट, सिन्धुली तथा सर्लाही जिल्लाबाट बिरामी आउने श्रेष्ठले बताउनुभयो। अस्पतालमा ३ जना विशेषज्ञ डाक्टरसहित ५५ जना कार्यरत रहेको श्रेष्ठले बताउनुभयो।

अस्पतालले गरेको आँखा शिविरले धेरैले दृष्टि पाएका छन्। शिविर बारा, पर्सा र रौतहटमा धेरै हुने गरेको छ। विभिन्न ठाउँमा गई आँखा नदेख्ने, आँखा जँचाउन नसक्नेलाइ निःशुल्क जाँच गरी सुविधा दिएको र शल्यक्रिया गर्नुपर्नेलाई अस्पतालमा ल्याइ सेवा दिने गरेको श्रेष्ठले जानकारी दिनुभयो।

# गुरु पूर्णिमामा शिक्षकलाई पुस्तक उपहार



*गुरु पूर्णिमाको दिन सोमबार पुस्तक लिन किताबघरमा शिक्षकको भीड ।*

समाज संवाददाता

हेटौँडाः गुरु अर्थात् ज्ञान दिने व्यक्तिप्रति सम्मान भाव बढ्दो छ। सोमबार गुरु पूर्णिमामा आफ्ना गुरुलाई सम्मान गर्नेले सामाजिक सञ्जाल भरिएको थियो। गुरु पूर्णिमामा गुरुलाई चेलाले दिएका उपहार तुलना गर्नु स्वभाविक हुन्न। तर, हेटौँडा-४ स्थित नवोदय शिशु सदनले भने आफ्ना शिक्षकलाई एक हजार रुपैयाँ बराबरका पुस्तक उपहार दिएको छ।

विद्यालयमा कार्यरत एक सयभन्दा बढी शिक्षकलाई आफ्नो रुचिको पुस्तक खरिद गर्न मिल्ने गरी कुपन उपलब्ध गराइएको थियो। हेटौँडा-४, भैरवरोडस्थित किताबघरमा गएर शिक्षकको समूहले छानी छानी पुस्तक लिएका छन्। शिक्षकले नेपाली तथा अंग्रेजी साहित्यका साथै शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित किताब लिएका छन्। शिक्षकलाई गुरु पूर्णिमाको अवसरमा विद्यालयको तर्फबाट केही उपहार दिनुपर्ने योजनामा रहेको र शिक्षकका लागि पुस्तक नै उपयुक्त हुने भएकोले पुस्तक उपहार दिने निर्णय गरिएको नवोदय शिशु सदनका शैक्षिक निर्देशक दिपेश जोशीले जानकारी दिनुभयो।

गुरु पूर्णिमाको अवसरमा पुस्तक उपहार पाउनुभएका नवोदय शिशु सदनका शिक्षक गोपाल घिमिरेले नवोदय शिशु सदन पठन संस्कृतिको बहससँगसगै व्यावहारिक प्रयोग हुने विद्यालय भएको उल्लेख गर्नुभएको छ। यस्तै साहित्यकार, शिक्षक संप्रस पौडेल नवोदयले प्रत्येक शिक्षकलाई किताब उपहार दिएको अभ्यास सकारात्मक रहेको उल्लेख गर्नुहुँदै यसको सिको अरूले पनि गर्दा राम्रो हुने उल्लेख गर्नुहुन्छ।

नवोदयले पूर्वप्राथमिक तहदेखि नै आफ्ना बालबालिकालाई पठन संस्कृतिमा अभ्यस्त गराउँदै आएको छ। विद्यालयमा अध्ययनरत विद्यार्थीले पाठ्यक्रमभन्दा बाहिरका पुस्तक पनि अध्ययन गर्ने गरेका छन्। बालबालिकालाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी विद्यालयले विविध अतिरिक्त क्रियाकलापका माध्यमबाट सिकाइमा जोड दिँदै आएको छ।

# नेपाल बैंकको एटीएममा चोरीको प्रयास

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-५, कान्तिराजपथस्थित नेपाल बैंक लिमिटेडको शाखा कार्यालयमा रहेको एटीएममा चोरीको प्रयास भएको छ। आइतबार राति १ बजेको समयमा एटीएम मेशिन तोडफोड गरी पैसा चोरीको प्रयास भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

एटीएम मेशिनबाट पैसा चोर्न लकहरु तोडफोड गरेको तर पैसा भने सुरक्षित रहेको प्रहरीले जनाएको छ। एटीएमसँगै रहेको हाम्रो पुडासैनी सप्लायर्समा रहेको १ थान ल्यापटप र एक थान पानीको फिल्टर चोरी भएको प्रहरीले जानकारी दिएको छ। पीडित पक्षहरुले चोरी भएको भनि निवेदन दिएको र प्रहरीले अनुसन्धन

समृद्ध समाज
राष्ट्रिय दैनिक
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

# हेटौंडामा कृषि तथा तरकारी बजार सञ्चालन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा सोमबारदेखि अर्को कृषि तथा तरकारी बजार सञ्चालनमा आएको छ। तरकारी, फलफूल तथा अन्य कृषि उत्पादन बिक्री गर्ने उद्देश्यले हेटौंडा-४ मा नयाँ कृषि तथा तरकारी बजार सञ्चालनमा आएको हो।

त्रिवेणी भेजिटेबल मार्ट प्रालिद्वारा सञ्चालनमा ल्याइएको हेटौंडा कृषि तथा तरकारी बजारको सोमबार उद्घाटन गरिएको छ। हेटौंडा उपमहानगरपलिकाका प्रमुख मीनाकुमारी लामाले बजारको उद्घाटन गर्नुभएको हो। उद्घाटन कार्यक्रममा त्रिवेणी भेजिटेबल मार्टका अध्यक्ष अभ्यास भुजेलको सभाध्यक्षता थियो।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका प्रमुख लामाले सञ्चालनमा ल्याइएको बजारलाई व्यवस्थित र उपभोक्तामैत्री बनाउनुपर्नेमा जोड दिनुभयो। बजारमा विषाक्त तरकारी कम बिक्री वितरण गर्ने, तरकारी तथा फलफूलमा विषादीजन्य पदार्थहरुको प्रयोग नगर्ने र स्वच्छ तरकारी उत्पादन गर्नुपर्नेमा जोड दिनुभायो। उहाँले युवाहरुले ठूलो लगानी गरेर सञ्चालनमा ल्याएको कृषि बजारलाई कानुनबमोजिम आफूले सक्ने सहयोग गर्ने बताउनुभयो।

त्रिवेणी भेजिटेबल मार्टका अध्यक्ष भुजेल, सचिव राजीव गोले, कोषाध्यक्ष अजय स्याङ्तान, सदस्यहरु सुरज गोङ्बा लामा र प्रिन्स लामा मिलेर लगभग ३ करोड रुपैयाँ लगानीमा बजार सञ्चालनमा ल्याइएको हो। बजारमा ९० वटा तरकारीको स्टल, ३० वटा गेडागुडी तथा खाद्यान्नको स्टल, २० वटा फलफूलको स्टल, ५ वटा मासुको र ५ वटा खाजाको स्टल रहेको मार्टका सचिव गोलेले जानकारी दिनुभयो। सानो लगानीमा व्यवसाय गर्न चाहनेहरुका लागि यो बजारले ठूलो सहयोग गर्ने सचिव गोलेले बताउनुभयो।

काम नपाएर युवाहरु विदेशिनुपर्ने अवस्थालाई न्यूनीकरण गर्न र बेरोजगारलाई रोजगारी दिने उद्देश्यले कृषि बजार सञ्चालनमा ल्याएको उहाँले जानकारी दिनुभयो। सञ्चालनमा आएको कृषि बजारबाट एक सय ५० जना बेरोजगारहरु स्वरोजगार बन्ने दावी गर्नुभयो।

यातायात व्यवस्था कार्यालय, हेटौंडाको सुचना

- भाँडामा चल्ने सवारी साधनको प्रत्येक ६–६ महिनामा सवारीको भौतिक अवस्था परीक्षण गरी यातायात व्यवस्था कार्यालबाट जाँचपास प्रमाण–लिने गरौं।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेका प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागी सो को अभिलेख online मा देखिएको हुनुपर्नेछ।
- सवारी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ।
- भाँडामा चल्ने सवारी साधनहरुले बाटो ईजाजत–पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुबाट लिने र समयमै नवीकरण गर्ने गरौं।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)


खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

हेटौंडा कृषि बजार
हेटौंडा-४, मेनरोड
सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ।






सेवाहरू
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने।

(नोटः यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला।)

सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९



स्टल सिमित छ।



समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ